# विपद् उत्थानशील प्रादेशिक नीति, २०७५

# प्रदेश नं १, विराटनगर

प्रदेश सरकार

आन्तरिक मामिला तथा कानुन मन्त्रालय

प्रदेश १, विराटनगर

विषयसूची


१.पृष्ठभूमि ..........................................................................................१

२. दीर्घकालीन सोच**(Vision)**.......................................................................... २

३. ध्येय **(Mission)** .......................................................................... २

४. लक्ष्य (Goal).......................................................................... ३

५. उद्देश्यहरू (Objectives).......................................................................... ३

६. अवधारणा.......................................................................... ४

७. नीति .......................................................................... ५

८. नीति कार्यान्वयन ..........................................................................१२

९. समन्वय, अनुगमन तथा मूल्याङ्कन..........................................................................१३

१०.नीति पुनरावलोकन..........................................................................१३

# विपद् उत्थानशील प्रादेशिक नीति, २०७५
# प्रदेश नं १, प्रदेश सरकार,

## १.पृष्ठभूमि

प्रदेशको सर्वाधिक होचोभूभाग झापाको केचनादेखि विश्वकै सर्वोच्च शिखर सगरमाथा रहेको नेपालको प्रदेश १ निरन्तर दोहोरिइरहने प्रकोपका कारण उत्पन्नविपद्को उच्च जोखिममा रहेको छ ।विविधतायुक्त भूगोलर मौसम,जटील भौगर्भिक बनोट र कमजोर भूधरातल, पछिल्लो समयमा भइरहेको जलवायु परिवर्तनका कारण उत्पन्न भइरहेका नयाँ प्रकारका जोखिमले सामाजिक,आर्थिक र वातावरणीय क्षेत्रमा प्रतिकूल असर बढ्दै गएको छ ।परिवर्तित सन्दर्भमा अतिवृष्टि, अनावृष्टि, खण्डवृष्टिको परिणामस्वरुप बाढी, डुवान,पहिरो, खडेरीका साथै चरम मौसमी घटनाका कारण हुरीबतास,आगलागी, चट्याङ, शीतलहर, वन्यजन्तु र कीराको आक्रमणलगायतका घटनाको आवृत्ति र तिनले गर्ने क्षतिको मात्रा पनि बढिरहेको छ । हिमाली क्षेत्रमा उत्पन्न भइरहेका हिमतालको विष्फोटको समेत उच्च सम्भावना रहेका कारण प्रदेशथप जोखिममा रहेको छ ।

त्यसैगरी सडक दुर्घटना,पशु तथा चराचुरुङ्गीमा हुने फ्लु, प्यान्डामिक फ्लु, सर्पदंश, खानी, हवाइ, जल तथा औद्योगिक दुर्घटना, आगलागी, विषाक्त ग्यास, रसायन चुहावट, ग्यास विष्फोटन, विषाक्त खाद्य सेवन, वातावरणीय प्रदूषण, उद्धार कार्यमा हुने दुर्घटना लगायतका गैह्रप्राकृतिक विपद्बाट समेत प्रदेशका विभिन्न क्षेत्र प्रभावित हुने गरेका छन् । २०६८ साल असोज १ गते र २०७२ साल वैशाख १२ गते गएको भूकम्प, २०७१ र २०७४ सालमा गएका बाढी र पहिरो तथा त्यसबाट भएको जनधनको व्यापक क्षति तथा नोक्सानी यसका पछिल्ला उदाहरण हुन् । तराई र पहाडी क्षेत्रमा हुने नियमित आगलागीबाट भएका भौतिक र गैह्रभौतिक क्षतिले अर्थिक विकासमा अवरोध उत्पन्न गरेको छ ।खासगरीगरिबी,

अव्यवस्थित शहरीकरण रविकास प्रक्रियामा जोखिम संवेदनशीलताको कमीका कारण विपद्जन्य जोखिममाअझ बृद्धि भइरहेको छ ।

विभिन्न अध्ययन अनुसार नेपाल जलवायु परिवर्तनको दृष्टिले चौथो[1], भूकम्पीय जोखिमको दृष्टिले ११ औँ र जलजन्य विपद्को जोखिमका दृष्टिले ३० औँ स्थानमा रहेको छ[2] । यही अवस्था प्रदेश १ को पनि छ । विपद्को यसप्रकारको उच्च जोखिमको सामना गरी विपद् उत्थानशील प्रदेशको विकासका लागि नेपाल सरकार पक्ष राष्ट्र रहेका अन्तर्राष्ट्रिय सन्धी तथा सम्झौता र कार्यढाँचाअनुरूप प्रदेश सुहाउँदा नीति, ऐन, रणनीति र कार्यक्रम तर्जुमा गरी कार्यान्वयन गर्नु आवश्यक हुन्छ । नेपाल सरकारले विश्व परिवेशलाई समेटेर निर्माण गरेका नीति, ऐन, रणनीति र कार्यढाँचाहरूलाई आधार मान्दै प्रदेशले पनि आफ्नो उत्थानशीलता अभिवृद्धि गर्न र दिगो लक्ष्य प्राप्तिका निमित्त "विपद् उत्थानशील प्रादेशिक नीति, २०७५" तर्जुमा गरी कार्यान्वयन गरेको छ ।

## २.दीर्घकालीन सोच(Vision)

विपद् र जलवायुजन्य जोखिमबाट सुरक्षिततथा उत्थानशील समाजको विकास गर्दै प्रदेशको दिगो विकासमा योगदान गर्नु यस नीतिको दीर्घकालीन सोच रहेको छ ।

## ३.ध्येय (Mission)

विपद् तथा जलवायुजन्य जोखिम न्यूनीकरण तथा व्यवस्थापनका क्रियाकलापलाई समयानुकूल तथा सन्तुलित रूपमा कार्यान्वयन गरी मानवीय, प्राकृतिक, भौतिक, सामाजिक र वित्तीय पूँजीको उत्थानशीलता बढाउँदै मानिसको स्वास्थ्य तथा जीविकोपार्जनका साधन,व्यक्ति, समुदाय र प्रदेशको आर्थिक, सामाजिक तथा भौतिक पूर्वाधार र साँस्कृतिक सम्पदाका साथै

[1] German Watch, 2018
[2] UNDP/BCPR, 2004

वातावरणमा रहेको जोखिम कम गरी  विपद्का कारण हुने क्षति तथा नोक्सानीमा उल्लेख्य कमी गर्नु यस नीतिको ध्येय हुनेछ ।

## ४.लक्ष्य (Goal)

विपद् र जलवायुजन्य जोखिमबाट हुने मानवीय मृत्युदर तथा प्रभावित व्यक्तिहरूको सङ्ख्या विगतको तुलनामा घटाउनु,जीवन निर्वाहका साधन, स्वास्थ्य र शिक्षाजस्ता आधारभूत सेवाप्रदान गर्ने महत्वपूर्ण पूर्वाधारमा हुने क्षति र नोक्सानी घटाउनुका साथै कृषि, उद्योग, सडक, सञ्चार, खानेपानी तथा सरसफाइका संरचनातथा आधारभूत सेवाहरूमा हुने क्षति एवं अवरोधलाई कम गर्दै उत्थानशीलता बढाएरविपदबाट हुने प्रत्यक्ष तथा अप्रत्यक्ष क्षति कम गर्नु यस नीतिको लक्ष्य हुनेछ ।

## ५.उद्देश्यहरू (Objectives)

विकासका समग्र पक्षमा रहेको वा उत्पन्न हुनसक्ने नयाँ विपद् तथा जलवायुजन्य जोखिम कम गरी व्यक्तिको जीवन तथा सम्पत्ति, स्वास्थ्य, जीविकोपार्जन तथा उत्पादनका साधन, भौतिक एवं सामाजिक पुर्वाधार, साँस्कृतिक एवं वातावरणीय सम्पदामा हुने क्षति र नोक्सानीलाई कम गरी समाजको उत्थानशीलता वृद्धि गर्नु यस नीतिको प्रमुख उद्देश्य रहेकोछ । यस नीतिका अन्य उद्देश्यहरू देहाय बमोजिम रहेका छन्:

- ५.१. विपद् तथा जलवायुजन्य जोखिमबारे सबै तहमा समान बुझाइको विकास गर्ने,
- ५.२. विपद् तथा जलवायुजन्य  जोखिम र विपद्सम्बन्धी सूचनाकोसम्प्रेषण र पहुँच सबै तहमा हुने सुनिश्चित गर्ने,
- ५.३. विपद् व्यवस्थापन सूचना प्रणालीलाई सुदृढ बनाएर बहूप्रकोप पूर्वसूचना प्रणालीको विकास एवं विस्तारद्वारा  विपद् पूर्वतयारी तथा प्रतिकार्यलाई प्रभावकारी बनाउने,

५.४. विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापनलाई प्रभावकारी बनाउन समावेशी विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन सुनिश्चित गर्दै विपद् जोखिम शासनसुदृढ बनाउने,

५.५. विपद् जोखिम न्यूनीकरण र जलवायु परिवर्तन अनुकूलनका क्रियाकलापलाई एकीकृत गर्दै वार्षिक तथा आवधिक विकास योजनामा मूलप्रवाहीकरण गर्ने,

५.६. सार्वजनिक तथा निजी लगानीका माध्यमबाट साझेदारी सुदृढ गरी विपद् तथा जलवायुजन्य जोखिम न्यूनीकरणका कार्यलाई प्रभावकारी बनाउने,

५.७. विपद्पछिको पुनर्लाभ, पुनर्निर्माणमा "अझ राम्रो र अझ बलियो "अवधारणा अवलम्बन गरी पुनःस्थापनलाई उत्थानशील बनाउने ।

## ६. अवधारणा

विपद् उत्थानशीलप्रादेशिक नीति देहायका अवधारणाअनुरूप विकास गरिएको छ :

६.१. नेपालको संविधानले निर्धारण गरेको भूमिका र जिम्मेवारीबमोजिम विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापनका कार्यमा सङ्घ, प्रदेश र स्थानीय तहबीच समन्वय र सहकार्यको सिद्धान्तअवलम्बन गर्ने ।

६.२. सङ्घीय सरकारबाट भएका निर्णयअनुरूप विपद् तथा जलवायु उत्थानशील प्रदेशको निर्माणका लागि आवश्यक कार्य सम्पादन गर्ने ।

६.३. प्रदेशमा उत्पन्न हुने सबै प्रकारका विपद्को जोखिम न्यूनीकरण र व्यवस्थापनलाई समेटेर कार्य गर्ने ।

६.४. जोखिम संवेदनशील विकासको प्रबर्द्धन गर्ने अवधारणा अवलम्बन गर्ने ।

६.५. समाजका सबै सरोकारवालाहरूको संलग्नता तथा साझेदारीमा लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणको सिद्धान्त अवलम्बन गर्ने ।

६.६. प्रदेश र यहाँका स्थानीय तह र समाजको विशेषता अनुरूप स्थानीय स्रोत, साधन, सीप र विशेषगरी रैथाने ज्ञानको प्रबर्द्धन गर्दै आधुनिक विज्ञान तथा प्रविधिको प्रयोग गर्ने अवधारणा अवलम्बन गर्ने ।

६.७. नवप्रवर्तनमुखी कार्यक्रमको विकास गरी उत्थानशीलता अभिवृद्धि गर्ने अवधारणा अवलम्बन गर्ने ।

६.८. सार्वजनिक र निजी लगानीमार्फत् वित्तीय लगानी बढाउने अवधारणा अवलम्बन गर्ने ।

६.९. पुनःस्थापन र पुनर्निर्माणमा "अझ राम्रो र अझ बलियो" को विश्वव्यापी अवधारणालाई आत्मसात गर्ने ।

## ७.नीति

विपद् उत्थानशीलता अभिवृद्धिको परिप्रेक्षमा प्रस्तुत नीतिले लिएको सोच, ध्येय, लक्ष्य र उद्देश्यहरू प्राप्तिका लागिप्रदेशले देहायका नीति अवलम्बन गर्नेछ :

(क) विपद् उत्थानशीलता अभिवृद्धि गर्दै प्रदेशको दिगो विकासका लागि प्रदेशले विषयगत योजना तर्जुमा तथा कार्यान्वयन गर्दा विपद् जोखिमलाई स्वीकार्य तहमा राख्न देहायका नीति अवलम्बन गर्नेछ :

१. प्रदेशको आवधिक तथा वार्षिक कार्यक्रम तर्जुमा गर्दा मौजुदा विपद् र विकास आयोजनाको कार्यान्वयनबाट उत्पन्न हुनसक्ने विपद्जन्य जोखिमको पहिचान तथा न्यूनीकरण योजना सुनिश्चित गरिनेछ ।

२. नियमित विकास आयोजनाको विस्तृत सर्भे गर्दा नै जोखिमको सम्भावित प्रभावको विश्लेषण गरी जोखिम न्यूनीकरणका विधि सुनिश्चित गरिनेछ ।

३. प्रदेशको विपद् व्यवस्थापन सूचना प्रणाली विकास गरी सङ्घीय सरकारको सूचना प्रणालीसँग सञ्जालीकरण गरिनेछ ।

४. प्रदेशको विपद् उत्थानशील विकासका लागि समयानुकूल संस्थागत सुधार गरी आवश्यक क्षेत्रमा क्षमता विकास गरिनेछ ।

५. विपद् जोखिम न्यूनीकरणका कार्यलाई प्रदेश र प्रदेशका सबै स्थानीय तहका विषयगत विकास योजनामा मूलप्रवाहीकरण गरी मौजुदा जोखिम घटाउने र नयाँ जोखिम उत्पन्न हुन नदिने व्यवस्था सुनिश्चित गरिनेछ ।

६. विपद् जोखिम न्यूनीकरणका लागि विपद्को प्रकारका आधारमा स्थान, सामाजिक संरचना, स्थानीय भाषाअनुरूप जनचेतनामूलक तथा सूचनामूलक सन्देशहरू तयार गरी सूचना तथा सञ्चारका माध्यमहरूको प्रभावकारी उपयोगमार्फत् सबैमा पहुँच हुनेगरी सम्प्रेषण गरी जनचेतना अभिवृद्धि गरिनेछ ।

७. राष्ट्रिय भू– उपयोग नीति अनुरुप सबै स्थानीय तहको जोखिम सम्बेदनशील भूउपयोग योजना तयार गरी कार्यान्वयन गर्ने नीति लिइनेछ ।

८. जोखिम सम्बेदनशील भूउपयोग योजनाअनुरूप व्यवस्थित र सुरक्षित आवाश क्षेत्रको विकास गरिनेछ भने असुरक्षित बस्तीहरूलाई सुरक्षित स्थानमा स्थानान्तरण गर्ने नीति लिइनेछ ।

९. बृहत् विद्यालय सुरक्षा अवधारणाअनुरूप विद्यालयको संरचनात्मक तथा गैह्रसंरचनात्मक सुरक्षा सुनिश्चत गरी गुणस्तरीय सिकाइ वातावरण निर्माणको नीति अवलम्बन गरिनेछ ।

१०. विपद् जोखिमन्यूनीकरण र व्यवस्थापनसम्बन्धी विषयलाई सबै तहको शैक्षिक पाठ्यक्रममा समावेश गराउने नीति लिइनेछ ।

११. प्राकृतिकप्रकोप र त्यसबाट उत्पन्न हुने विपद् तथा गैरप्राकृतिक विपद्हरूको नियमितरूपमा सूक्ष्म निगरानी र मापन गरी जोखिम न्यूनीकरणका उपाय अवलम्बन गरिनेछ ।

१२. विपद् जोखिम लेखाजोखा तथा नक्शाङ्कन नियमित रूपमा गर्ने प्रणालीको विकास गरिनेछ ।

१३. सङ्कटासन्नसमुदायमा रहेको बहूविपद् जोखिम पहिचान गरी प्रकोपको प्रकृति र विपद्को स्वरूपअनुरूप  समुदायको क्षमता अभिवृद्धि गरिनेछ ।

१४. शिक्षा, स्वास्थ्य, कृषि, उद्योग, पर्यटन, ऊर्जा, आवास, यातायात, खानेपानी, सरसफाइलगायतका पूर्वाधार र ऐतिहासिक तथा साँस्कृतिक सम्पदामा रहेको जोखिम लेखाजोखा गरी जोखिम न्यूनीकरणका उपयुक्त विधि अपनाइनेछ ।

१५. विपद्का कारण व्यापार व्यवसाय, जनस्वास्थ्य र पोषणमा पर्न सक्ने सम्भाव्य जोखिम न्यूनीकरण गर्ने नीति अवलम्बन गरिनेछ ।

१६. सबै तहमा राष्ट्रिय भवन संहिता तथा भौतिक पूर्वाधार निर्माण मापदण्डको कार्यान्वयन गरिनेछ साथै स्थानविशेष पूर्वाधार मापदण्डको विकास गरी कार्यान्वयनमा ल्याइनेछ ।

१७. समुदायमा रहेको जोखिम हस्तान्तरणका लागि कृषि, पशुपंक्षी तथा व्यापार व्यवसायमा बीमा गराउने कार्यलाई प्रोत्साहन गरिनेछ ।

१८. विपद् जोखिम न्यूनीकरणका लागि भू विज्ञान, भूकम्प विज्ञान, भौगोलिक सूचना प्रणाली, दूर संवेदन प्रणाली, पूर्वसूचना प्रणाली लगायतका आधुनिक प्रविधि हस्तान्तरणका निमित्त सङ्घीय सरकार वा प्राधिकरणसँग समन्वय गरी स्थानीय तहको पहुँच सुनिश्चित गरिनेछ ।

१९. समुदायमा आधारित विपद् व्यवस्थापनलाई विस्तार गर्दै रैथाने तथा परम्परागत ज्ञान, सीप र प्रविधिको अध्ययन, अनुसन्धान गरी प्रवर्द्धन गरिनेछ ।

२०. प्रदेशमा विपद् जोखिमको अध्ययन तथा अनुसन्धानमा सरकार, विकास साझेदार, निजी तथा गैरसरकारी संस्थाहरू, विश्वविद्यालय र सार्वजनिक तथा निजी अनुसन्धान केन्द्रहरू तथा सरोकारवालाहरूबीच सहकार्यलाई प्रोत्साहन गरिनेछ ।

२१. स्थानीय ज्ञान, सीप, श्रोत र साधनको महत्तम् उपयोग गर्दै समुदायमा आधारित विपद् जोखिम व्यवस्थापनका कार्यक्रमहरू कार्यान्वयन गरिनेछन् ।

२२. विपद्सम्बन्धी अध्ययन अनुसन्धान, उत्थानशील विकासका सूचक, विपद् अल्पीकरण,पूर्वतयारीप्रतिकार्य एवं विपद् पछिको पुनर्निर्माण तथा पुनःस्थापनासम्बन्धी क्षमता विकासका लागि “विपद् उत्थानशील अनुसन्धान तथा प्रशिक्षण प्रतिष्ठान”कोस्थापना गरिनेछ ।

२३. प्रदेशको समग्र विकास प्रक्रियालाई बहूप्रकोप जोखिम संवेदनशीलताका आधारमा सम्भाव्य जोखिमको न्यूनीकरण हुने गरी व्यवस्थापन गरिनेछ ।

२४. प्रदेशमा एकीकृत जलश्रोत तथा जलाधार व्यवस्थापनको सिद्धान्तअनुरुप नदी व्यवस्थापन, भू तथा जलाधार संरक्षण सम्बन्धी गुरुयोजना बनाई कार्यान्वयन गरिनेछ ।

२५. चुरे क्षेत्रको संवेदनशील भौगोलिक बनोटका कारण उत्पन्न हुनसक्ने जोखिम कम गर्न चुरे क्षेत्र व्यवस्थापनका लागि केन्द्रीय सरकारद्वारा तयार गुरुयोजनाको प्रभावकारी कार्यान्वयनका लागि आवश्यक व्यवस्था गरिनेछ ।

२६. विपद् जोखिम न्यूनीकरणका सबै चरण तथा संरचनामा महिला, बालबालिका, ज्येष्ठ नागरिक, अपाङ्गता भएका व्यक्तिहरू, आर्थिक तथा सामाजिक रूपले पछाडि परेका समुदायहरूको पहुँच, प्रतिनिधित्व तथा प्रभावकारी संलग्नता सुनिश्चित गरिनेछ ।

२७. विपद् संवेदनशीलताको अवधारणा अनुरुप सार्वजनिक भौतिक संरचनाहरू (सरकारी कार्यालय, शैक्षिक संस्थाहरू, स्वास्थ्य संस्थाहरू, सामुदायिक भवनहरू, आश्रयस्थल आदि) लाई सबै वर्गको पहुँच सुनिश्चित गर्न अपाङ्गमैत्री एवं बालमैत्री बनाइनेछ ।

२८. प्रदेशमा सुरक्षित भवन र भौतिक संरचना निर्माणको कार्यलाई प्रोत्साहन गर्न राष्ट्रिय भवन संहिता अनुरुप स्थानीय तहलाई समेत उपयुक्त हुने समयसापेक्ष मापदण्ड तयार गरी लागू गरिनेछ ।

२९. भौतिक पूर्वाधारहरूको विकासका लागि गरिने डिजाइन तयारी र निर्माणका क्रममा जोखिम सुरक्षित नीति अवलम्बन गरिनेछ । साथै जलवायु परिवर्तन अनुकूलित पूर्वाधार निर्माणलाई समेत प्रोत्साहित गरिनेछ ।

३०. ठूला विकास परियोजनाहरू तर्जुमा, डिजाइन, निर्माण र कार्यान्वयनमा जोखिम तथा जलवायु परिवर्तनको प्रभावसम्बन्धी अध्ययनद्वारा जोखिम न्यूनीकरण गरी विपद् उत्थानशीलता अभिवृद्धि गर्ने नीति लिइनेछ ।

३१. विपद्का कारण हुनसक्ने क्षतिको पूर्तिका लागि निजी, सरकारी तथा सामुदायिक भवन, शैक्षिक तथा स्वास्थ्य सम्बन्धी संरचनाहरू, खानेपानी लगायतका भौतिक संरचनाहरू, भूमि र कृषिबालीको अनिवार्य बीमा गर्न प्रोत्साहन गरी जोखिम हस्तान्तरणका विधि अपनाउने नीति अवलम्बन गरिनेछ ।

३२. विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन कार्यमा निजी क्षेत्रको संलग्नतालाई प्रोत्साहित गरिनेछ ।

३३. जीविकोपार्जनका उपायहरूलाई विविधिकरण गरी विपद् उत्थानशील समुदाय निर्माण गरिनेछ ।

३४. विपद् जोखिम उत्थानशीलता अभिवृद्धिका लागि निजी क्षेत्र, बैंक तथा वित्तीय संस्था, बीमा कम्पनी, विकास साझेदार र दातृ निकाय वा संस्था आदिको लगानी प्रबर्धन गर्न प्रोत्साहन गरिनेछ ।

३५. नेपाल कृषि अनुसन्धान परिषद्, नेपाल विज्ञान तथा प्रविधि प्रतिष्ठान लगायतका अनुसन्धान केन्द्रहरूको सहयोगमा बाढी, डुवान र खडेरी प्रतिरोधी तथा जलवायु परिवर्तन अनुकूलित कृषि प्रणालीको विकास गरिनेछ । यसका लागि प्रदेशको हावापानीअनुरूपका अनुसन्धान गर्ने सम्बन्धित विषयका अनुसन्धानमूलक निकायको स्थापना गरी कार्य गरिनेछ ।

३६. प्रदेशस्तरीय विपद् जोखिम न्यूनीकरण कार्यमञ्चको गठन गरी विपद् व्यवस्थापनमा सबै सरोकारवालाको सक्रिय सहभागिता सुनिश्चित गरिनेछ ।

३७. विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन सम्बन्धी क्रियाकलापहरूको प्रभावकारी रूपमा समन्वय, सहकार्य, अनुगमन तथा मूल्याङ्कन गर्न प्रदेश र स्थानीय तहमा समावेशी संयन्त्र स्थापना गरिनेछ ।

(ख) विपदबाट मानिस, मानवीय र प्राकृतिक सम्पत्तिको सुरक्षा गर्दै विपद्को सामना क्षमता अभिवृद्धिका निमित्त देहायका नीति अवलम्बन गरिनेछ :

१. समुदायमा आधारित पूर्वसूचना प्रणालीको प्रवर्द्धन गरी स्थानीय तहबीच सञ्जालीकरणका माध्यमबाट सूचना तथा चेतावनी सम्प्रेषण गर्ने नीति लिइनेछ ।

२. ठूला विपद्को समयमा सङ्घीय सरकारमार्फत् अन्तर्राष्ट्रिय जगतबाट प्राप्त हुने मानवीय सहयोग सामग्रीको सहज आपूर्तिका लागिउचित व्यवस्था मिलाइनेछ ।

३. विपद् प्रतिकार्यलाई प्रभावकारी बनाउन प्रदेशमा स्वयंमसेवक व्यूरोको स्थापना,विपद् प्रतिकार्य केन्द्र, आपतकालीन कार्यसञ्चालन केन्द्रहरूको स्थापना, विकास र विस्तार गरी तिनीहरूको संस्थागत क्षमता अभिवृद्धि गरिनेछ ।

४. विपद् प्रतिकार्यलाई सहभागितामूलक, प्रभावकारी र मानवीय सहयोगलाई अन्तर्राष्ट्रिय मापदण्डअनुरुप बनाउन स्वयंसेवक परिचालनको लागि संस्थागत व्यवस्था तथा क्षमता अभिवृद्धिका कार्यलाई प्रोत्साहित गरिनेछ ।
५. विपद् पूर्वतयारी तथा प्रतिकार्यलाई प्रभावकारी, सबैको पहुँचयुक्त बनाउन आधुनिक सूचना प्रविधिमा आधारित सूचना तथा सञ्चार प्रणालीको विकास र प्रयोगलाई प्रोत्साहन गरिनेछ ।
६. विपद्को समयमा स्थानीय स्तरमा परिचालन हुने स्वयंसेवकहरूको क्षमता विकास गरी संस्थागत आवद्धताका लागि प्रोत्साहित गरिनेछ ।
७. विपद् प्रतिकार्यका लागि पूर्वतयारीका रूपमा सुरक्षित खुल्ला क्षेत्रको पहिचान, संरक्षण, आपतकालीन अवस्थामा प्रयोगयोग्य बनाई विकास गरिनेछ ।
८. आपतकालीन समयका लागि पहिचान भएका खुला क्षेत्रमा सबैको पहुँचयुक्त र सुरक्षित आश्रयस्थलको एवं बन्दोवस्ती स्थलको रूपमा विकास गरिनेछ ।
९. विपद् प्रतिकार्यलाई प्रभावकारी बनाउन आपतकालीन भण्डारगृहको स्थापनागरी आवश्यक पर्ने उद्धार तथा राहत सामाग्री भण्डारण गरिनेछ ।
१०. प्रदेश, स्थानीय तह र समुदाय स्तरसम्म कानुन बमोजिम विपद् व्यवस्थापन कोषको स्थापना गरी विपद्प्रभावित समुदायमा मानवीय सहयोग सुनिश्चित गरिनेछ ।
११. शैक्षिक संस्था, अस्पताल तथा आश्रय स्थलजस्ता आधारभूत सेवा प्रदायकको क्षमतामा स्तरोन्नती गरी आपतकालीन अवस्थामा सहज र समुचित उपयोग गर्न सकिने व्यवस्था गरिनेछ ।
१२. प्रदेश र प्रदेशबाहिर समेत हुनसक्ने प्रकोपका घटनाहरूको नियमित रुपमा अनुगमन, पूर्वानुमान तथा पूर्वसूचना प्रणाली विकास गरी त्यसका आधारमा पूर्वतयारी तथा प्रतिकार्य योजना बनाई कार्यान्वयन गरिनेछ ।
१३. आपत्कालीन कार्यसञ्चालन केन्द्र र विपद् प्रतिकार्य केन्द्रहरूको क्षमता विकास गरी घटना नियन्त्रण पद्दति (Incident Comand System) लाई स्थानीय तहसम्म नै विस्तार गरिनेछ ।

१४. प्रदेश र स्थानीय तहमा विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना बनाई कार्यान्वयन गरिनेछ । साथै सरकारी, निजी तथा गैह्रसरकारी क्षेत्रहरूको व्यवसाय निरन्तरता योजना बनाई कार्यान्वयन गरिनेछ ।

१५. प्रदेश र स्थानीय तहमा क्षमताअनुरुप विभिन्न स्तरका खोज तथा उद्धार टोलीको गठन, क्षमता विकास गरी परिचालन गरिनेछ ।

१६. सङ्घर अन्तर्राष्ट्रिय जगतबाट स्वीकृत आपतकालीन मानवीय सहयोग मापदण्डअनुरुप प्रदेशको आफ्नै आपतकालीन मानवीय सहयोग मापदण्ड तयार गरी लागू गरिनेछ ।

१७. विपद् प्रतिकार्यमा सामाजिक सुरक्षाका विशेष कार्यक्रमहरूलाई समाहित गरी सञ्चालन गर्ने निति अवलम्बन गरिनेछ ।

(ग) विपद्पछि पहिलेभन्दा राम्रो र अझ बलियो निर्माण गर्दै विपद्उत्थानशीलतातर्फ अगाडि बढ्नका लागि प्रदेशले देहायका नीति अवलम्बन गर्नेछ :

१. विपद्पछि गरिने पुनर्लाभ, पुनर्निर्माण, पुनः स्थापनालगायतका कार्यबाट नयाँ जोखिम उत्पन्न हुन नदिने व्यवस्था सुनिश्चित गर्दै विश्वव्यापी रूपमा स्वीकार गरिएको“अझैराम्रो, बलियो र सुरक्षित बनाऔं”(Build Back Better) को अवधारणालाई प्रोत्साहन गरिनेछ ।

२. विपद्पछिको पुनर्लाभ, पुनर्निर्माण र पुन:स्थापनमा सामाजिक सुरक्षा कार्यक्रमलाई समाहित गरी प्राथिमकताका साथ सञ्चालन गरिनेछ ।

३. विपद् प्रभावित समुदायलाई आवाश, जीविकोपार्जन र आर्थिक विकासका कार्यक्रम सञ्चालन गर्न बैंक तथा बित्तीयसंस्थाहरू मार्फत् सहुलियत कर्जाको व्यवस्था गरिनेछ ।

४. विपद्पछिको पुनर्निर्माण र पुन:स्थापनाका लागि सङ्घीय सरकार, स्थानीय सरकार, दाता, विकास साझेदार र निजी तथा सार्वाजनिक क्षेत्रसँग सहकार्य र साझेदारीलाई प्रोत्साहित गरिनेछ ।

## ८.नीति कार्यान्वयनरण नीति

८.१. यस नीतिको योजनाबद्ध कार्यान्वयनका लागिप्रदेश र स्थानीय तहमा विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन रणनीतिक कार्ययोजना, प्रदेश प्रतिकार्य ढाँचा, विपद् प्रभाव मूल्याङ्कन मार्गदर्शन, पुनर्लाभ कार्यढाँचा र अन्य आवश्यक नीतिगत तथा कार्यगत दस्तावेज तर्जुमा गरी लागू गरिनेछ ।

८.२. विपद् उत्थानशीलता अभिवृद्धिका लागि प्रदेशले तयार गर्ने आवधिक, वार्षिक योजनामा जोखिम न्यूनीकरण तथा व्यवस्थापनलाई मूलप्रवाहीकरण गरिनेछ ।

८.३. प्रदेशमा हुनसक्ने विपदजन्य आपतकालीन अवस्थाको सहज सामनाका लागि आपत्कालीन योजना तर्जुमा गरी कार्यान्वयन गरिनेछ ।

८.४. प्रदेशका सबै विषयगत मन्त्रालय रनिकायहरूको आवधिक तथा वार्षिक कार्यक्रम तर्जुमा एवं कार्यान्वयन गर्दा यस नीतिलाई मार्गदर्शनका रूपमा लिइनेछ ।

८.५. स्थानीय सरकारका आवधिक तथा वार्षिक योजना तथा कार्यक्रम तर्जुमा एवं कार्यान्वयन गर्दा यस नीतिलाई मार्गदर्शनका रूपमा लिइनेछ ।

८.६. यस नीतिको कार्यान्वयनका लागि प्रदेश र स्थानीय सरकारलेसमुदायमा आधारित विपद् व्यवस्थापन कार्यक्रमलाई प्रबर्धन गर्न आवश्यक कार्यक्रमसहित बजेट विनियोजन गरी कार्यक्रम सञ्चालन गरिनेछ ।

८.७. विपद् व्यवस्थापन ऐन, २०७५ मा व्यवस्था भएबमोजिम आवश्यक संस्थागत संरचना निर्माण गरिनेछ ।

८.८. नीति कार्यान्वयन तथा व्यवस्थापन पद्धतिमा समयानुकूल सुधार गर्नका लागि सम्बन्धित विषयगत मन्त्रालय तथा निकायहरूको सङ्गठन तथा व्यवस्थापन सर्भेक्षण गरी आवश्यकता अनुसार पुनः संरचना गरिनेछ ।

८.९. आपतकालीन प्रतिकार्यलाई प्रभावकारी बनाउन विपद्को उच्च जोखिममा रहेका क्षेत्रलाई समेट्नेगरी विपद् प्रतिकार्य केन्द्रको स्थापना गरिनेछ ।

## ९.समन्वय, अनुगमन तथा मूल्याङ्कन

९.१. प्रस्तुत नीतिको प्रभावकारी कार्यान्वयनको लागि प्रदेश र स्थानीय तहमा सरकारी, निजी, गैरसरकारी संस्था तथा सरोकारवालाहरूबीच समन्वय र सहकार्य गरिनेछ ।

९.२. विपद् व्यवस्थापन समितिले निर्धारण गरेका मापदण्डअनुरूप कार्यकारी समितिले यस नीतिअनुरूप भएका कार्यको सूचकसहित अनुगमन तथा मूल्याङ्कन गर्नेछ ।

९.३. अनुगमन तथा मूल्याङ्कनका लागि नीति र कार्यान्वयन रणनीति अनुरुप सूचक बनाएर जोखिम न्यूनीकरणमा भएको सुधारको मापन गरिनेछ र त्यसका लागि बचेको जनधनको विवरण, जोखिम न्यूनीकरण तथा नियन्त्रणका लागि निर्माण गरिएका भौतिक संरचनाहरूबाट आम नागरिकमाप्रवाहभएको सुविधा र प्रतिफल, प्रभावित समुदायको उत्थानशीलतामा आएको परिवर्तनजस्ता विषयलाई आधार मानिनेछ ।

९.४. विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापनसम्बन्धी सम्पूर्ण विवरण वार्षिक रूपमा अद्यावधिक गरी "प्रदेश विपद् प्रतिवेदन"प्रकाशन गरिनेछ ।

## १०. नीति पुनरावलोकन

यस नीतिलाई आवश्यकता अनुसार प्रदेश विपद् व्यवस्थापन समितिको निर्णयअनुसार पुनरावलोकन गरिनेछ ।